# केपी ओलीको भवितव्य: ...............

घेराबन्दीमा परेको छ। यो घेरा छिचोल्न नेकपा पूर्णत: असफल भएको छ। पार्टीभित्रको अन्तरविरोधले सरकार निकम्बा भएको छ।

केपी ओलीलाई चुनावअघिसम्म भ्रष्टाचारी र बिचौलिया अनि माफियाहरुले नै सहयोग गरेका थिए। उनीहरूको आशा थियो कि ओली प्रधानमन्त्री भएपछि नेकपाको ब्यानरमा भ्रष्टाचार, तस्करी र घुसखोरी यथावत राख्न पाइन्छ। ओली सरकारको भवितव्य नै यस्तो बन्न पुग्यो कि उसले न त जनताका विरोधीहरुको साथ पायो, न आधारभूत वर्गका जनताको नै विश्वास र समर्थन जोगायो। उसले दुबै वर्गबाट विश्वास गुमाउन थाल्यो तर, छोराछोरी पनि नभएका र जीवनको उत्तरार्धमा धन आर्जन गर्नुपर्ने बाध्यता नरहेका प्रधानमन्त्रीले सुरुमै भने– 'म घुस खान्न र खान पनि दिन्न।' यसो भनेर प्रधानमन्त्रीले सरकारी कार्यालयको ढोकामा भ्रष्टाचार गर्दिना भन्ने नारा टाँस्न लगाए। यो परिघटनापछि घुस्याहा र बिचौलियाहरु ओली सरकारसँग बिच्किए। चुनावमा सहयोग गरेका मेडिकल माफिया, शैक्षिक माफिया अनि तस्करहरु सरकारसँग झस्किए। ठेकदार, सुन तस्कर र अन्य माफियालाई सरकारले तर्साएसगैं उनीहरु ओली सरकारलाई असहयोग गर्नेतिर लागे।

यसरी आसेपासे पुँजीपति एवं नवधनाढ्य वर्गले जसरी केपी ओलीलाई आफ्नो प्रतिनिधि बन्लान् र सरकारमा गएर आफूहरुको सेवा गर्लान् भन्ने सोचेका थिए, त्यो नभइदिँदा उनलाई 'राजनेता' भनेर काँधमा बोक्ने वर्गले क्रमश: खुट्टा छाडिदिन थाल्यो। त्यो वर्गले वामदेव गौतमलाई उचाल्ने असफल प्रयास गर्नुको कारण ओलीको विकल्प खोज्नु नै हो।

तर, के प्रधानमन्त्री ओली र उनको सरकार बिचौलियाहरुको विरोधमा र जनताको पक्षमा उभिएकै कारण निशानामा परेको हो त ? होइन, यसमा अर्को पनि पाटो छ। यो सरकार बिचौलिया र आसेपासेहरु वर्गको सेवक त भएन नै, आधारभूत जनताको पनि सेवक बन्न सकेन। यो सरकारले ठेकदार, तस्कर र विचौलियाहरुसँग सम्झौता गर्ने र झुक्ने नीति अलवम्बन गर्‍यो। जनताको हितको पक्षमा सरकारले अडान लिन सकेन। यसले गर्दा जनतामा ओली सरकारप्रति निराशा जाग्यो भने अर्कोतर्फ भ्रष्टहरुको पुरानै सत्ताले कर्मचारीतन्त्र र राजनीतिमा टाउको उठायो।

अन्तत: ओली सरकारको भवितव्य नै यस्तो बन्न पुग्यो कि उसले न त जनताका विरोधीहरुको साथ पायो, न आधारभूत वर्गका जनताको नै विश्वास र समर्थन जोगायो। उसले दुबै वर्गबाट विश्वास गुमाउन थाल्यो।

खासमा ओली सरकार कसको हो ? मेहनतकश जनताको हो कि बिचौलिया र पावर ब्रोकरहरुको हो ? यसको छिनोफानो गर्न जति ढिलाइ हुन्छ, त्यति नै सरकार संकटमा फस्दै जाने निश्चित छ। यो संकट यतिधेरै गहिरिदै जाने छ कि यसले नेकपालाई समृद्धिको यात्रा तर्फ होइन, 'सेटब्याक' तिर लैजाने छ। र, केपी ओलीको सम्पूर्ण ताकत आगामी चुनावसम्म आइपर्ने 'सेटब्याक' लाई न्यूनीकरण गर्नेतर्फ खर्चिनुपर्ने हुन सक्छ।

यदि यो संकटको निम्टारा गर्ने हो भने अब नेकपाका शीर्षनेताहरुले कम्तिमा ३ र ४ दिनको वर्कशप आयोजना गरेर सरकारको काम र भूमिकाबारे अनुसन्धान र विश्लेषण गर्न ढीलो हुदै गएको छ।

र, **चौथो प्रश्न** हो–प्रधानमन्त्रीको नियत र सीमा।

धेरै मानिसहरुलाई के लाग्थ्यो र अहिले पनि लागिरहेको छ भने केपी शर्मा होली महान विद्वान छन्। उनी धेरै बाठा र चतुर राजनीतिक खेलाडी हुन्। तर, यथार्थ त्यस्तो होइन। प्रधानमन्त्री ओली देवता होइनन, उनी विभिन्न सीमा र कमजोरीले भरिएका, अनि केही सकारात्मक पक्षसमेत रहेका मान्छे हुन्। उनीहरुसग विगतदेखि नै केही यस्ता सीमाहरु छन, जसले उनलाई सपनाको यात्रामा निर्वाध यात्रा गर्न दिदैन।

रामायण, महाभारत वा पूर्वीय दर्शनका बारेमा २ र ४ घण्टा प्रवचन दिन सक्ने, मीठो भाषण गर्न सक्ने, अंग्रेजीमा पनि भाषण गर्न सक्ने वा बोलेर मानिसहरुलाई ल पार्न सक्ने जस्ता गुणहरु मात्रै नयाँ नेपालको नेताका लागि पर्याप्त हुँदैनन्। अहिले देशले खोजेको नेता इतिहासको मरिकुच्च भारी बोकेर भाषण ठोक्न सक्ने मात्रै होइन। अहिले देशले खोजेको नेता त कुशल व्यवस्थापक हो। आधुनिक राजनीति भनेको ज्ञानभन्दा बढी सीप र व्यवस्थापनमा भर पर्छ।

अहिले प्रधानमन्त्री ओली संकटको चौबाटोमा छन्। सम्भावना भन्दा संकट गहिरिदो छ। जनताको मनोबल गिर्दो छ। जनताका शत्रु, देशका शत्रुहरुको मनोबल बढ्दो छ। प्रधानमन्त्री केपी ओलीले समृद्ध नेपाल सुखी नेपालीको नारा अघि सारेका छन्। यसलाई व्यवहारमा कार्यान्वयनका लागि वाकपटु हैन, कुल व्यवस्थापन गर्न सक्ने जनशक्तिको खाँचो हुन्छ। सदाचारी, सादगी नेतृत्वको खाँचो हुन्छ। भ्रष्ट राज्य संयन्त्रको चक्रब्युहभित्र बसेर समृद्ध नेपालको कल्पना गर्नु भनेको रेडलाइट एरियामा बसेर ब्रह्मचर्यको गीत गाउनुजस्तै हो, जुन अहिलेका प्रधानमन्त्रीले गरिरहेका छन्। प्रधानमन्त्री ओलीको सीमा यहीनेर छ।

पछिल्ला दिनमा प्रधानमन्त्री ओलीले यी समस्या महसुस गर्न थालेको प्रतीत हुन्छ। तर, स्वभावजन्य लतमा फसेको मान्छेले महसुस गर्नु एउटा कुरा हो, व्यवहारमा कार्यान्वियन हुनु अर्कै।

पार्टीभन्दा गुटमा विश्वास गर्ने, राम्रोलाई भन्दा हाम्रालाई काखी च्याप्ने, समयको पटक्कै व्यवस्थापन नगर्ने, कामभन्दा गफमा बढी केन्द्रित हुने अनि परिवर्तनलाई भन्दा पुरातन विचारलाई पछ्याउने कार्यशैली नै वर्तमान नेतृत्वका कमजोरीहरु हुन्। जहाँसम्म प्रधानमन्त्री ओलीको नियतको प्रश्न छ, त्यसमाथि प्रश्न उठाउने बेला भएको छैन। अहिले उनी देश र जनताका लागि सोझो चिताएरै काम गरिरहेका छन्। तर, ढंगमात्रै नपुगेको हो कि भनेर अनुमान गर्नु उनीमाथि न्याय होला कि ?

तथापि विद्वानहरुले भनेकै छन, राम्रै नियतले हिडियो भने पनि नर्क जाने बाटोले स्वर्गमा पुर्‍याउदैन। त्यसैले नियतमात्रै होइन, बाटो पनि सही अवलम्बन गर्नुपर्छ। ओली सरकार पनि राम्रो बाटो हिडोस्।

अहिले प्रधानमन्त्री ओली संकटको चौबाटोमा छन्। सम्भावना भन्दा संकट गहिरिदो छ। जनताको मनोबल गिर्दो छ। जनताका शत्रु, देशका शत्रुहरुको मनोबल बढ्दो छ। जनताको मनोविज्ञान कस्तो बनिरहेको छ भने दुईतिहाईको सरकारसग आशा गरौं, भर नपरौं।

# गैडाकोटमा प्रहरीको नागरिक सुनुवाई

कावासोती। जिल्ला प्रहरी कार्यालय बर्दघाट सुस्ता पुर्व नवलपरासीको आयोजनामा नागरिक सुनुवाई कार्यक्रम गैडाकोट नगरपालिकाको मुकुन्दपुरमा सम्पन्न भएको छ।

नागरिक सुनुवाई कार्यक्रममा बोल्ने वक्ताहरुले शान्ति सुरक्षाको महानतम जिम्मेवारी बोकेको नेपाल प्रहरीमा जनशक्ती कमी रहदै आएको बताउदै मातहतको निकायमा अविलम्ब थप प्रहरी जनशक्तीको ब्यवस्थापन मिलाउनुपर्ने बताएका थिए।

उनिहरुले समाजमा बढ्दै गएको सामाजिक विकृती र लागु औषध दुर्व्यवसनी नियन्त्रण गर्न हदै सम्मको कानुनी कार्यवाही गर्नुपर्ने कुरामाथि जोड समेत दिएका थिए।

गैडाकोट मुकुन्दपुर आसपासका क्षेत्रमा बढेको सवारी दुर्घटना न्युनिकरण गर्न थप सुरक्षा निकाय परिचालन र मापसे चेकजााज लगाएत गैर कानुनी ढंगबाट सवारी चलाउनेहरुलाई कानुनको दायरामा ल्याउनुपर्ने बताएका थिए। जिल्ला प्रहरी प्रमुख रमेश थापाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो।

सो अवसरमा प्रमुख अतिथि समेत रहनुभएका प्रमुख जिल्ला अधिकारी दिपकराज नेपालले नागरिकबाट उठेको सल्लाह सुझावको पुर्ण पालना गर्नुपर्ने बताउदै उनले शान्ति सुरक्षालाई भरपर्दो र विश्वासनिय ढंगबाट लागु गर्न मातहतका निकायसंग समन्वय गरि अगाडी बढ्ने बताए।

प्रमुख जिल्ला अधिकारी नेपालले अपराधिलाई कानुनको दायरामा ल्याउन सबै नागरिक समाजको परम कर्तब्य रहेको धारणा पनि राखे।

कार्यक्रममा गैडाकोट नगरपालिकाका नगर प्रमुख छत्रराज पौडेल, उपप्रमुख विष्णु कुमारी सापकोटा, पार्वती सापकोटा, गोविन्द सुवेदी, भुवन आले, रेशमलाल गैरे लगाएतले प्रहरी र नागरिक बीच सम्बन्ध बलियो भएमा गैर कानुनी कार्यमा लागेका ब्यक्ति कानुनको दायरामा आउने हुदा प्रहरी पनि कस्सिएर लाग्नुपर्ने कुरामा जोड दिएका थिए।

जिल्ला प्रहरी कार्यालय पुर्वी नवलपरासीले जिल्ला अर्न्तगत पहाडी क्षेत्रमा पनि नागरिक सुनुवाई कार्यक्रम गरि नागरिक र प्रहरी बीचको सम्बन्धलाई अझ बढी सुदृढ बनाउदै लैजाने कार्यक्रम रहेको जिल्ला प्रहरी प्रमुख थापाले जानकारी दिए।


घर बनाउदै हुनुहुन्छ ? या निमार्ण सम्वन्धी कुनै काम गर्दै हुनुहुन्छ ! पैसा थोरै छ ?
अव चिन्ता नलिनुस
सबै समस्याको एउटै समाधान ईको ब्लक प्रयोग गरौ
ईको ब्लकका विशेषताहरू :
- कम खर्चमा घर तयार हुने।
- गर्मीमा सितल एवंम् जाडोमा न्यानो हुने।
- घर बनाउदा सिमेन्ट बालुवा नलाग्ने एवंम् पानी हाल्ने झन्झटबाट मुक्ति।
- पूर्ण रूपमा साउण्ड प्रुफ एवंम् लेबर खर्च कम लाग्ने।
- प्लाष्टर नगरे पनि हुने।



सम्पर्क
भुर्तेल सप्लार्यस
९८५७०४११७९ र ९८११५७६४७७
यो सुविधा नवलपुर क्षेत्रभरी नै उपलब्ध छ।

कोरियन भाषा तयारी कक्षा
डण्डा र कावासोतीमा
SADBHAV INT'L EDUCATION
IELTS JAPANESE LANGUAGE ENGLISH LANGUAGE
078-418092 , 9857041089

R . S. TRADING
सोनालिका ट्रेक्टर सोरुम




नेपालमा सर्वाधिक बिक्री हुने ट्रेक्टर, ट्रेक्टरको खरिदमा कृषि सम्बन्धी सामाग्रीहरु सित्तैमा, डिजलको कम खपत, तराई पहाड सबै ठाउको लागी योग्य र स्पेयर्स पार्टसको कुनै झन्झट नभएको

सम्पर्क
R.S. Trading सोनालिका ट्रेक्टर सोरुम कावासोती नवलपरासी 9857040423

प्रो. ज्ञान प्रसाद डुम्रे ९८५७०४१४०२
एस.एस. फर्निचर उद्योग
( कारखाना का.न.पा. -६, शोरुम का.न.पा. -२ )
सरोज डुम्रे ९८५७०४१७३३



हामीकाहाँ भ्याल, ढोका बनाईनुको साथै अर्डर अनुसारको फर्निचर निर्माण गरिन्छ। नोटः दाउरा, भुस पाईनुको साथै होम डेलिभरीको व्यवस्था छ।


# साताको राशिफल

**मेष**
प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। आफन्तबाट टाढिनुपर्ने स्थिति आए पनि भविष्यको मागचित्र कोर्ने समय छ। विभिन्न अवसर प्राप्त हुनाले उत्साह जाग्नेछ। आलोचकहरूले पनि प्रशंसा गर्न थाल्नेछन्। लाभप्रद कामको जिम्मेवारी हातलागी हुनेछ। सप्ताहान्तमा उपहारका साथै धनलाभ हुने सम्भावना छ। स्रोत–साधन जुट्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुने देखिन्छ। वादविवादमा भरसक अघि नसर्नुहोला।

**वृष**
सुरुमा आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। खर्च लागे पनि परिवारजनका आवश्यकता पूरा गर्न सकिनेछ। आकस्मिक खर्च बढ्नाले आर्थिक अभावको अनुभूति हुनेछ। तापनि टाढाका साथीभाइसगको सम्बन्धले लामो यात्रा गर्ने अवसर जुट्न सक्छ। बलजफ्ती गर्दा काम बिग्रनेछ भने रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्दा मात्र फाइदा हुनेछ। सप्ताहान्तमा परिस्थिति अनुकूल बन्नुका साथै मिहिनेत गर्दा नाम र दाम हातपार्न सकिनेछ।

**मिथुन**
प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ। आटले काममा सफलता दिलाउनेछ। आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ। मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ। मनग्गे आम्दानी हुनाले भैपरी आउने समस्या टर्नेछन्। व्यापार तथा नोकरीमा फाइदा उठाउन सकिनेछ। सप्ताहान्तमा खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ। एउटै कामलाई दोहोर्याएर प्रयत्न गर्नुपर्नेछ। अवसरका लागि केही दौडधुप गर्नुपर्ला। बुद्धिको उपयोगले काम सम्पादन हुनेछ।

**कर्कट**
प्रारम्भमा अरूका काममा जुट्नुपरे पनि पछि आफैंलाई फाइदा हुनेछ। हिम्मत गर्दा प्रतिष्ठित जिम्मेवारी हातपार्न सफल भइनेछ। सुखदु:खमा साथ दिनेहरू प्रशस्तै फेला पर्नेछन्। विशिष्ट व्यक्ति भेट्ने अवसर जुट्नेछ। लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ। अध्ययनमा सकारात्मक नतिजा प्राप्त हुनेछ। व्यवसायमा विभिन्न अवसर जुट्नाले आम्दानी बढ्नेछ। अरूको मन जितेर काम बनाउन सकिनेछ। सप्ताहान्तमा जिम्मेवारी पूरा गर्न खर्चको जोहो गर्नुपर्ने चुनौती देखापर्न सक्छ।

**सिंह**
प्रारम्भमा अस्वस्थताका बीच कामको बोझ बढ्नेछ। अप्ठ्यारा परिस्थितिसग सम्झौता गर्नुपर्दा केही चुनौती पनि देखिनेछन्। अरूको स्वार्थमा उपयोग भइनेछ, सजग रहनुहोला। स्थितिमा सुधार आउनेछ। अवसरले उत्साह जगाउनेछ। सुखदु:खमा साथ दिनेहरू प्रशस्तै फेला पर्नेछन्। रोकिएको काम बन्नुका साथै नया काम सुरु हुनेछ। लगनशीलताले अप्ठ्यारा समस्या सुल्झाउदै सामाजिक प्रतिष्ठा दिलाउनेछ। सप्ताहान्तमा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने स्थिति आउन सक्छ।

**कन्या**
सुरुमा रमाइला ठाउाको यात्रा गर्ने अवसर जुट्न सक्छ। प्रियजनसग भेटघाट हुनेछ भने आतिथ्यपूर्ण सम्मान पनि प्राप्त हुनेछ। परिस्थिति असहज बन्नाले अप्ठ्यारा कामको बोझ उठाउनुपर्ला। परिस्थितिले संघर्षको पथमा हिडाउन सक्छ। चोटपटकको योग देखिएकाले स्वास्थ्यका लागि सजग रहनुहोला। स्थितिमा सुधार हुनेछ। टाढिएका साथीभाइ नजिकिनाले उत्साह जाग्नेछ। शुभचिन्तकहरूको पनि सहयोग जुट्नेछ। रोकिएका घरेलु कामकाज पनि सम्पादन हुनेछन्।

**तुला**
प्रारम्भमा गरिएको पुरुषार्थी कामले धन र मानसमेत दिलाउनेछ। जुझारु कार्यशैलीले प्रतिस्पर्धीहरूको मनोबल कमजोर हुनेछ। चिताएको काम बन्नाले जोश–जागर बढ्नेछ। दिगो फाइदा हुने काम हातलागी हुनेछ। पारिवारिक भेटघाटले मन प्रफुल्लित हुनेछ। यात्रा खर्चिलो र कष्टपूर्ण हुने सम्भावना छ। तापनि बुद्धिको उपयोगले परिस्थितिलाई आफू अनुकूल बनाउन सकिनेछ। सप्ताहान्तमा अस्वस्थता, झुटा आरोप र चुनौती आइलाग्ने देखिन्छ, गोपनीयतामा विशेष ध्यान दिनुहोला।

**वृश्चिक**
आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। आँटले चिताएको काम सम्पादन हुनेछ। अध्ययनतर्फ मिहिनेतले राम्रै उपलब्धि दिलाउन सक्छ। विभिन्न अवसर प्राप्त हुनुका साथै रोकिएका काम बन्नाले आर्थिक पक्ष सबल बन्नेछ। प्रतिद्वन्द्वीहरूलाई परास्त गर्न सफल भइनेछ। खर्च लागे पनि दिगो फाइदा हुने काम सुरु गर्ने अवसर जुट्नेछ। सप्ताहान्तिर प्रियजनसाग रमाइलो भेटघाट हुनेछ। तर व्यावहारिक उल्झनले केही समस्या पनि देखापर्न सक्छ। निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो हुने देखिन्छ।

**धनु**
ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउन सक्छन्। उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला। श्रम परे पनि घरेलु कामकाज भने सम्पादन हुनेछन्। मिहिनेत तथा बुद्धिको उपयोगले लक्ष्यमा पुग्न सकिनेछ। अध्ययनमा प्रगति हुनेछ भने सहपाठीहरूलाई पछि पार्न सफल भइनेछ। व्यापार र उद्योगमा फाइदा हुनेछ। सप्ताहान्तमा प्रतिस्पर्धामा उत्रनुपर्दा साथीभाइ टाढिन सक्छन्। राम्रो नतिजाका लागि विवेकले काम लिनुहोला। मिहिनेत गर्दा चिताएको काम सम्पादन हुनेछ। नाम, दाम र इनाम प्राप्त हुनेछ।

**मकर**
प्रारम्भमा आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। प्रतिष्ठित काम गरेर अवसर हातपार्ने समय छ। आँटले काममा सफलता दिलाउनेछ। तर सहयोगीहरूको भरपर्दा पछि परिनेछ। साइनो गाँस्नेहरूले पनि दु:ख दिन सक्छन्। काम बिग्रने डरले सताउनेछ। साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ। परिस्थितिको बन्धनमा परिए पनि युक्तिले काम लिनेहरूलाई बिस्तारै फाइदै हुनेछ। मिहिनेत गर्दा अप्ठ्यारा परिस्थिति समेत स्वत: सुल्झनेछन्।

**कुम्भ**
प्रारम्भमा बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत प्राभाव पर्न सक्छ। प्रतिस्पर्धीहरूले अप्ठ्यारो समयमा दुस्ख दिन सक्छन्। तापनि दिगो फाइदा हुने काममा सम्झौता हुन सक्छ। सानो प्रयत्नले ठूलो काम बन्नेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। शुभचिन्तकहरूको सहयोग जुट्नाले महत्त्वपूर्ण काम बन्नेछ। सप्ताहान्तमा केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। घरेलु समस्यामा अलि सावधान रहनुहोला। भविष्यका चुनौती पन्छाउन सफल भइनेछ। योजना गोप्य रहादा नै फाइदा हुनेछ।

**मिन**
इच्छाशक्ति बढ्नुका साथै लक्ष्य प्राप्त गर्ने साहस जुट्नेछ। सरल जीवनशैलीले धेरैलाई प्रभावित पार्न सकिनेछ। मित्रहरूको सहयोगले हौसला प्रदान गर्नेछ। आयस्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता हुनेछ। बुद्धिको उपयोगले विद्या र धन आर्जन हुनेछ। सानो प्रयत्नले ठूलो काम बन्नेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। सप्ताहान्तमा परिस्थिति केही असहज बन्ने हुदा बोली व्यवहारमा सजग रहनुहोला। अरूको बहकाउ र भौतिक साधनको कमीले अप्ठ्यारो पर्न सक्छ।